# SEE (Grade Increment) 2081 (2025)
## अनिवार्य नेपाली

समय : ३ घण्टा                                                                 पूर्णाङ्क : ७५

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : २**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| क्यानभास | हमला गरिएको |
| शीतोष्ण | सुगन्ध |
| अचाक्ली | ठन्डा र गर्मी दुवै मिश्रित |
| सौरभ | चित्रपट |
| | हुनुपर्ने भन्दा बढी |
| | धनधान्य आदिले सम्पन्न |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : २**

विद्या मानिसको आभूषण हो । विद्याबाट दुर रहँदा मानिस अविवेकी बन्छ । मनमा उत्पन्न हुने विविध किसिमका तापको शमन गर्न गहन अध्ययन र धीरताको आवश्यकता पर्छ । पत्रिका, पुस्तक, अनुसन्धानात्मक लेख एवम् आर्ष महाकाव्य आदि अर्थपूर्ण ज्ञानका स्रोत हुन् ।

(क) 'किताब' को पर्यायवाची शब्द ............. हो ।
(ख) 'विवेकी' को विपरीतार्थी शब्द ......... हो ।
(ग) 'टाप' को श्रुतिसमभिन्नार्थी शब्द .......... हो ।
(घ) अनेकार्थी शब्द .......... हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् : २**

आए आँप गए झटारो भन्दै सय रुपियाँको चिट्ठा किनेपछि म सरासर घरतिर लागेँ । त्यसको दश दिनमा चिट्ठा खोल्दा पुरस्कार परेपछि मलाई त हुने हार दैव नटार भने झैँ भयो । त्यस खुसियालीमा म झमक्क साँझ पर्दासम्म साथीसँग रमाएर बसिरहेँ ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुहोस् : १**

(अ) (i) भूपरिवेस्टित (ii) भूपरिवेश्टित (iii) भूपरिवेस्ठित (iv) भूपरिवेष्टित
(आ) (i) सन्जीवनी (ii) सङ्जीवनी (iii) सञ्जीवनी (iv) संजीवनी

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

मानव वेदनाको जीवन्त चित्रण भयका कलाको सीर्जनामा पिकासोले आफ्नो सम्पुर्ण जीवन समर्पण गरे

क्रमशः

CamScanner

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** ३

<u>जेठो</u> सधैं<u>भरि</u> देशको चिन्ता गर्छ । उसले <u>समृद्ध</u> देश बनायौं भने <u>हामी</u> सुखी हुन्छौं <u>भन्ने</u> मान्यता <u>राखेको छ</u>।

**६. दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

**(क) दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ । आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा हेरिएको एलोप्याथिक उपचार पद्धति सर्वाधिक लोकप्रिय हुँदाहुँदै पनि आज फेरि आयुर्वेदिक उपचारमा मानिसको अभिरुचि बढेको पाइन्छ । गाउँले होस् या सहरिया, धनी होस् या गरिब सबै आआफ्नो स्वास्थ्यप्रति सचेत रहनै पर्छ ।

**(ख) दिइएको अनुच्छदेबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समास गर्नुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

घरको झगडा आफैं मिलाउनुपर्छ भन्ने सरसल्लाह गर्न दाजु र भाइ तम्तयार भएछन् । दोबाटामा बस्दा अरूले थाहा पाउँछन् भन्दै उनीहरू बैठककोठामा बसेर चियाकफी खाँदै गफगाफ गर्न थालेछन् ।

**७. दिइएको अनुच्छेदलाई अपूर्ण भूत कालमा परिवर्तन गर्नुहोस् :** २

पासाङ चीन जान्थ्यो । ऊ त्यहाँबाट समुद्रको दृश्यावलोकन गर्थ्यो । ऊ समुद्रको किनारमा रमाउँथ्यो । ऊ खुसी हुन्थ्यो ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) सम्भावनार्थक भाव बुझाउने फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्ना कामका सम्बन्धमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएका द्वितीय पुरुषका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गरी लेख्नुहोस् :**

तिमी किसान हौ । तिम्रा धेरै साथी छन् । तिमीहरू खेतीपातीमा निकै ध्यान दिन्छौ । तिमीहरूलाई कृषितर्फ विशेष रुचि छ ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) म मिहिनेत गरी पढाइमा सफल हुन्छु । (वाक्य विश्लेषण)

(ख) आफू त घर गइयो । (कर्तृवाच्य)

(ग) मिथिलेश कथा पढ्छ । (प्रेरणार्थक)

(घ) गुरुले भन्नुभयो “तिमी असल छौ ।” (अप्रत्यक्ष कथन)

CamScanner

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइको निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, "बिसेक हुन्छ बा हरेस नखाऊ । बाले आफ्नो <u>**जीवनमा**</u> अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन । बरु अब यहाँको वैद्यको भर गरेर बस्नु भएन । म तिमीलाई देशतिर औषधी गर्न लैजान्छु ।

**प्रश्नहरू**

(क) 'एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित **'जीवनमा'** शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ग) 'म तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे ।' यस वाक्यलाई मिश्र वाक्यमा लेख्नुहोस् ।

११. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

जहाँका युवाहरू शिक्षित र सुसंस्कृत हुन्छन्, त्यहाँ अन्धविश्वास र कुरीतिले स्थान पाउँदैन । शिक्षित युवाले अन्ध रुढिवादी, परम्परालाई फाल्न सक्छन् । समाजमा शिक्षाको ज्योति छर्न सक्छन् । चेतनाको उज्यालो बाँड्न सक्छन् । जब समाजमा युवा वर्ग शिक्षित र सुसंस्कृत हुन्छन्, त्यहाँ गरिबी स्वतः हटेर जान्छ । साङ्गठनिक रूपमा रहेको आपराधिक गतिविधि बढ्न पाउँदैन । लागुपदार्थको दुर्व्यसन जस्तो युवाघातक विकृतिलाई उनीहरूले मात्र हटाउन सक्छन् । समाजमा श्रमप्रति श्रद्धाभाव जगाई सबै युवालाई आफ्नो क्षमता र दक्षताअनुसारको काम गर्न प्रेरणा प्रदान गर्छन् । समाजमा रहेको भ्रष्टाचारको जरो उखेलेर सदाका लागि मिल्काउन सक्छन् । दोषीलाई दण्ड सजाय र असल मानिसलाई पुरस्कृत गर्न सक्छन् । त्यसैले युवालाई समाज परिवर्तनको संवाहक पनि भनिन्छ ।

**प्रश्नहरू**

(क) शिक्षित युवा भएका ठाउँमा के कुराले स्थान पाउँदैन ?

(ख) युवावर्गले समाजमा गर्ने कुनै दुईओटा काम लेख्नुहोस् ?

(ग) एक युवाले अर्को युवालाई कसरी प्रेरणा प्रदान गर्छन् ?

(घ) युवालाई किन समाज परिवर्तनको संवाहक भनिएको हो ?

CamScanner

१२. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) **दिइएका बुँदाका आधारमा एउटा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | पारिजात |
| जन्म | : | वि.सं. १९९४ वैशाख २४ गते |
| जन्मस्थान | : | दार्जिलिङ |
| पिता | : | के.एस. वाइबा |
| माता | : | अमृता मोक्तान |
| प्रमुख कृति | : | शिरीषको फूल, वैंसको मान्छे, महत्ताहीन (उपन्यास), सडक र प्रतिभा, आदिमदेश (कथा सङ्ग्रह) आकाङ्क्षा, बैंसालु वर्तमान (कविता सङ्ग्रह) |
| सम्मान/पुरस्कार | : | मदन पुरस्कार, गङ्की वसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार आदि |
| प्रमुख साहित्यिक विशेषता | : | विसङ्गतिवाद, अस्तित्ववाद, शून्यवाद, प्रगतिवादबाट प्रभावित शीर्ष नारी प्रतिभा |
| मृत्यु | : | वि.सं. २०५० वैशाख ५ गते, काठमाडौं |

(ख) **'साधारण शिक्षा ठिक कि व्यावसायिक शिक्षा ठिक' भन्ने विषयमा व्यावसायिक शिक्षाको पक्षमा तर्क दिँदै विपक्षीका मतको खण्डन गर्नुहोस् ।**

१३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) पाथीभरा पुस्तक पसल, ताप्लेजुङले विद्यालय तहका अनिवार्य विषयका पाठ्यपुस्तक उपलब्ध गराइदिन अनुरोध गर्दै जनक शिक्षा सामग्री केन्द्र लिमिटेड भक्तपुरलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।

(ख) आफ्नो विद्यालयले स्थानीय कुनै समाजसेवीलाई सम्मान गरेको कार्यक्रमको समाचार तयार पार्नुहोस् ।

GB - Tuition Class of Rajan Shrestha

१४. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

अधिकार कर्तव्यभन्दा ठुलो कुरा हो । अधिकार पाउनका लागि गरिएका ठुला ठुला सङ्घर्ष र आन्दोलन यसका प्रमाण हुन् । जनताका अधिकार कुण्ठित गर्न खोज्दा हिटलरले हार बेहोर्नु परेको दृष्टान्त पनि ज्वलन्त नै छ । नेपालमा पनि पटक पटक अधिकार प्राप्तिका लागि भएका आन्दोलन र क्रान्ति यसका साक्षी छन् । अधिकार आवश्यक नहुँदो हो त यी आन्दोलन किन जरुरी थिए, अनि खुरुखुरु सबैले आआफ्नो कर्तव्य पालना गरेर बसेको भए हुँदैनथ्यो त ? अर्को कुरा अधिकारको लडाइँले मुलुकलाई समृद्ध बनाउँछ । हामीलाई थाहा छ, दासत्व अन्त्य गर्ने र अधिकार प्राप्त गर्ने अमेरिकी स्वतन्त्रता सङ्ग्रामको लडाइँले अमेरिकालाई बलियो बनायो । त्यस्तै रङ्गभेद विरुद्धको दशकौं लामो सङ्घर्षले गर्दा दक्षिण अफ्रिका रङ्गभेदमुक्त मुलुक बन्यो ।



CamScanner

१५. **दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

पिकासोको चित्रकलामा 'घनवाद' को सशक्त प्रयोग भएको पाइन्छ । घनवादको प्रयोग भएको यस कलालाई 'निग्रो काल' पनि भनिन्छ । घनवादी कलाकृतिमा वस्तुलाई विश्लेषण गरिन्छ, टुक्रा टुक्रा पारिन्छ । ती टुक्रालाई अमूर्त रूपमा पुनः संयोजन र संश्लेषण गरिन्छ । यसमा कलाकारले वस्तुलाई एउटै दृष्टिकोणबाट चित्रण नगरी बृहत्तर सन्दर्भमा प्रतिनिधित्व गर्ने धेरै दृष्टिकोणबाट विषयलाई चित्रण गर्छन् । यसरी मूर्त वस्तुलाई भाँच्ने, टुक्र्याउने, अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूपमा प्रयुक्त गर्ने यही वाद नै घनवादी कलाका रूपमा चिनिन्छ । यसरी जुनसुकै कालमा लेखिएका भए पनि उनका हजारौं चित्रकला र मूर्तिकला आज पनि जीवन्त छन् ।

१६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** ४+४=८

**(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

यो कस्तो देश सृष्टिकै वेला विज्ञान पाएको
देवता ऋषि मनुष्य मिली वेदान्त गाएको
मुन्धुम महान् धम्मपद महान् सम्पदा महान
विश्वमै छैन धरती महान् यो देश समान ।

**प्रश्नहरू**

(अ) नेपाललाई किन विश्वमै महान् धर्ती भनिएको हो ?

(आ) कवितांशको मुख्य आशय के हो ?

**(ख) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

दुवै छाक भोकै भएर भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । क्यै नभए पनि चिसो बतास त छ कि ! यो बर्खामास पञ्चेबाजा बजार बादकहरू आलीमा बस्ता हुन्, रोपारहरू धान रोप्ता हुन्, लाठेहरू बाउसे गर्दा हुन्, मेरो त मनै उहीँ पुगिराख्या छ । झलक्क झलक्क त्यहींको रमाइलो सम्झन्छु ।

**प्रश्नहरू**

(अ) माथिको गद्यांशमा गाउँले परिवेशको कस्तो चित्रण गरिएको छ ?

(आ) माथिको गद्यांशको सन्देश के हो ?

१७. **आफ्ना कोही शत्रु छैनन् भन्ने कृष्ण रायले आफूमाथि भएको लट्ठी प्रहारपछि किन सबैलाई शत्रु ठान्न पुगे ? आफ्नो तर्क दिनुहोस् ।** ४

१८. **कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) तपाईंलाई नागरिकताको प्रमाणपत्र बाँड्ने देशको जन्मदाता यो गाउँ ।

(ख) आयुर्वेदिक औषधीका लागि नेपाल भूस्वर्ग मानिन्छ ।

क्रमशः

CamScanner

१९. **कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

(क) **दिइएको जीवनीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

सन्दुक रुइतको ध्यान आँखाका रोगीतर्फ आकृष्ट भयो । त्यही समयमा केही घण्टाको अप्रेसनपछि आँखा रोगीले संसार देख्न पाए । बालबालिकामा एकसाथ फर्किएको आँखाको ज्योति अनि त्यसले उनीहरूका अभिभावकलाई दिएको खुसी उनले नजिकबाट हेर्ने मौका पाए ।

**प्रश्न**

(अ) सन्दुक रुइतले आँखाको उपचार क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।

(ख) **दिइएको कथांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई डाकेर भनिन् ,"क्या हो राजकुमार, मिलेर काम गर्छु भनी सपथ गरेको कहाँ गयो ? नायवीमा न्याल काढेर सोझी भाउज्यूलाई छक्याउनू के राजनीति हो । शाही कुलमा ऐरेलु बन्नुहुन्छ भने तितो अनुभव आफैँ भोग्नुहोला । सुतेकी सिंहनीको टाउकामा टेक्नु के बुद्धिमानी हो । कमलपित्त भएको दृष्टिले आइमाई भनेर तपाईंले हेप्नुभएको होला तर त्यो तपाईंको भुल हो ।"

**प्रश्न**

(अ) 'घरझगडा' कथामा सत्ता र शक्ति प्राप्तिका लागि हुने सङ्घर्षलाई कुन रूपमा देखाइएको छ ? समीक्षा गर्नुहोस् ।

२०. **कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) सूचना प्रविधिको विकास

(ख) पुस्तकालयको महत्त्व

(ग) मेरो प्यारो जन्मभूमि

-0-

CamScanner